# गोदावरी नगरपालिका
# Godawari Municipality
## नगर कार्यपालिकाको कार्यालय
## Office Of Municipal Executive

बज्रवाराही, ललितपुर / Bajbarahi, Lalitpur
वागमती प्रदेश, नेपाल / Bagmati Province, Nepal

पं सं / Let. No. ०८१/८२
च. नं / Ref. No. १५२

मिति:२०८१/०४/१८
ने.सं.:११४४ दिल्लागा १३, शुक्रवार

श्री भूमीसुधार तथा मालपोत कार्यालय,
लगनखेल, ललितपुर।

विषयः सूचना टाँस गरिएको सम्बन्धमा।

प्रस्तुत विषयमा तहाँ कार्यालयको च.नं.९५८ र मिति २०८१/०४/१७ गतेको सूचना प्रकाशन गरिदिने सम्बन्धी पत्रबमोजिम मिति २०८१/०४/१८ गते यस नगरपालिकाको सूचना पाटी र वेभ साइटमा सूचना टाँस गरिएको व्यहोरा जानकारीको लागि अनुरोध छ।

२०८१/०४/१८
(शशी पन्थी)
अधिकृत

बोधार्थः
श्री सूचना प्रविधि शाखा : नगरपालिकाको वेभ साइटमा सूचना प्रकाशन गरिदिनुहुन।

नेपाल सरकार
भूमि व्यवस्था सहकारी तथा गरीवी निवारण मन्त्रालय
भूमि व्यवस्थापन तथा अभिलेख विभाग
भूमिसुधार तथा मालपोत कार्यालय
लगनखेल, ललितपुर

भूमिसुधार तथा मालपोत कार्यालय, ललितपुरबाट जारी भएको छुट जग्गा दर्ता सहितको नामसारी सम्बन्धी

## ३५ दिने सार्वजनिक सूचना

यसमा लिलितपुर जिल्ला गोदावरी न.पा. वडा नं. १४ बस्ने कृष्ण गोपाल महर्जनले उल्लिखित जग्गाको ज.ध. कान्छा ज्यापु भन्ने तिर्थमान महर्जनको मिति २०२४/०५/२६ मा, निजको जेठी पत्नी पुतली महर्जनको मिति २०३९/०४/१५ र निजको कान्छी पत्नी देवमाया महर्जनको मिति २०५१/०६/१० मा आ-आफ्नै कालगतीले परलोक भएको, जेठी पत्नीबाट जाय जन्म भएका छोरीहरुको विवाह भै सकेको, कान्छी पत्नीबाट कृष्ण गोपाल महर्जन-१, रामकृष्ण महर्जन-१, महेश महर्जन-१ को जाय जन्म भएकोमा रामकृष्ण महर्जनको मिति २०६८/०३/३२ मा आफ्नै कालगतिले मृत्यूभई निजका हकदार एकमात्र पत्नी तरिमाया महर्जन मात्र रहेको, उल्लिखित मृतक ज.ध. का हाल जिवित हकदारहरु कृष्णगोपाल महर्जन-१, महेश महर्जन-१, तरिमाया महर्जन मात्र रहेकाले साविक रैकर लगत थैव मैजा ठे.नं. २ पाना नं. ५३० कान्छा ज्यापुको लगतबाट भिड्ने उल्लिखित जग्गा द.नं. २२९६४ मिति २०८१/०३/१४ को माग निवेदन सम्बन्धमा ज.ध. कान्छा ज्यापु र तिर्थमान महर्जन एकै व्यक्ति हुन वा फरक फरक व्यक्ति हुन् ? उल्लिखित जग्गाको फिल्डबुकमा मोहिले लेखाएका बाडेगाउँ बस्ने कान्छा ज्यापु र माग निवेदकका बुबा/ससुरा कान्छा ज्यापु भन्ने तिर्थमान महर्जन एकै व्यक्ति हुन वा फरक फरक व्यक्ति हुन ? ज.ध. का निवेदकहरु बाहेक अन्य कोही हकदार छन् छैनन् ? माग निवेदन अनुसार दर्ता नामसारी गरिदिए अन्य कसैको हक मर्छ मर्दैन ? उल्लिखित जग्गा सरकारी, सार्वजनिक, पर्ति, गुठी प्रकृतिको हो वा रैकर जग्गा हो, माग निवेदन अनुसार निवेदकहरुका नाममा दर्ता गरि ज.ध. प्रमाण पूर्जा उपलब्ध गराउन नपर्ने अन्य कुनै कारण/प्रमाण भए सूचना प्रकाशित/टाँस भएको मितिले ३५(पैंतिस) दिन भित्र यस कार्यालयमा स-प्रमाण दावी गर्न आउनुहोला/सूचना गर्न आउनुहोला । तोकिएको म्याद भित्र कोही कसैको दावी विरोध नपरे निवेदकहरुको माग दावीलाई स्वीकार गरेको मानी कानून बमोजिम जग्गा दर्ता नामासारी समेत भै जानेछ र यस विषयमा पछि कसैको कुनै दावी नलाग्ने व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि सूचित गरिन्छ ।

**तपशिल**

| क्षेत्र/ वडा | कि.नं. | क्षेत्रफल | जग्गाधनी | मोही | किसानको ब्यहोरा | कैफियत |
|---|---|---|---|---|---|---|
| झरुवारासी /६/ख | ३७ | २-८-३-० | - | ज्ञानमान ज्यापु | यो जग्गा बाडेगाउँ बस्ने कान्छा ज्यापुलाई धा/११ वाली तीरी जोती खाई आएको छ । | भूमि सुधार कार्यालयको मिति २०७८/०८/०१ को निर्णयानुसार साविक मोहि ज्ञानमान ज्यापुबाट बुद्धि महर्जन र राज कपुर महर्जनका नाममा मोहि ना.सा. भएको । |